कृषि तथा वन विज्ञान विश्वविद्यालय
परीक्षा नियन्त्रण कार्यालय
रामपुर, चितवन

फोन नं.०५६-५९२४०४

प.नि.का.च.नं.......................२०७०/०७१

मिति: २०७०।१२।०७

# परीक्षाको आवेदन फारम भर्ने सूचना

यस विश्वविद्यालय अन्तर्गत संचालित शैक्षिक सत्र २०७०/०७१ स्नातकोत्तर र विद्यावारिधि (**M.Sc. & Ph.D.**) तहका शैक्षिक कार्यक्रमहरुको प्रथम सत्रको नियमित परीक्षा (**Regular Examination**) कृषि, पशु विज्ञान, पशु चिकित्सा तथा मत्स्य विज्ञान संकायको २०७० साल चैत्र २३ गते र वन विज्ञान संकायको २०७१ साल वैशाख २४ गते देखि संचालन हुने भएकोले सो परीक्षामा सम्मिलित हुने विद्यार्थीहरुले २०७० चैत्र १६ गते सम्म परीक्षा आवेदन फारम भरी कार्यालय समय भित्र सम्बन्धित संकाय डीनको कार्यालयमा बुझाउन हुन यो सूचना प्रकाशित गरिएको छ । साथै परीक्षा आवेदन फारम सम्बन्धित संकाय डीनको कार्यालयबाट प्राप्त हुने व्यहोरा जानकारी गराइन्छ ।

शर्तहरु :

१. परीक्षा आवेदन फारममा उल्लेखित विवरणहरु सबै भरिएको हुनु पर्नेछ । आवेदन फारममा परीक्षार्थीहरुको हालसालै खिचेको अनुहार र दुवै कान प्रष्ट देखिने पासपोर्ट साइजको श्यामश्वेत (**Black & white**) फोटो २ (दुई) प्रति टाँसिएको हुनु पर्नेछ ।

२. नियमित परीक्षाको हकमा परीक्षा शुल्क रु. १०००।- र परीक्षा आवेदन फारम शुल्क रु. १००।- का दरले बुझाउनु पर्नेछ ।

३. आन्तरीक मुल्यांकन परीक्षामा अनुतीर्ण परीक्षार्थीहरु अन्तिम परीक्षामा सम्मिलित हुन पाउने छैनन्। परीक्षार्थीहरुको प्राप्ताङ्क परीक्षा आवेदन फारममा सम्बन्धित संकायले अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

४. प्रवेश पत्र (**Admit Card**) परीक्षा शुरु हुन ३ (तीन) दिन अगावै सम्बन्धित संकायहरुबाट उपलब्ध हुनेछ ।

५. अन्य विस्तृत जानकारीको लागि परीक्षा नियन्त्रण कार्यालय, रामपुर, चितवनमा संम्पर्क राख्नु होला।

६. परीक्षाको समय तालिका पछि प्रकाशित गरिनेछ र साथै कृषि तथा वन विज्ञान विश्वविद्यालयको **Website : www.afu.edu.np** वाट पनि हेर्न सकिनेछ ।

.........................................
प्रा.डा जगत लाल यादव
परीक्षा नियन्त्रक

परीक्षा नियन्त्रक